नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २२६ २०८२ साल चैत ३० गते सोमबार (13 Apr 2026 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : समृद्धिको आधार बन्न सक्छन् ... ३ पृष्ठमा : आर्थिक गणनाको सम्पूर्ण ... ३ पृष्ठमा : इरान-अमेरिका वार्ता ...

## बोक्सीको आरोपमा कुटपिट गरेका तथा अभद्र व्यवहार मुद्दाका चार जना पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २९ चैत।**

सप्तरी प्रहरीले बोक्सीको आरोपमा कुटपिट गरेका तथा अभद्र व्यवहार मुद्दाका गरी चारजना प्रतिवादीलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा जिल्लाको बोदेबर्साईन नगरपालिका वडा नं. १ का २४ बर्षीय रामबाबु भन्ने रामनारायण यादव, सोही ठाउँका रामचन्द्र मंडल, सुरुङ्गा नगरपालिका वडा नं. ६ का २२ बर्षीय सुनिल कुमार सदा र महदेवा गाउँपालिका वडा नं. ४ का ४६ बर्षीय शेखर मंडल छन्।



रामनारायणलाई २०८१ असोज २७ मा बोदेबर्साईन १ धनगढी टोल स्थितमा निरासी यादवनीलाई बोक्सीको आरोप लगाई बिभिन्न किसिमको गाली गलौज गरी कालोमसो, सेतो चुना समेत जवरजस्ती मुखमा लगाउने प्रयास गरेको घटनामा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए।

यस्तै सोही ठाउँका रामचन्द्र लाई अभद्र व्यवहार मुद्दामा पक्राउ गरिएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार बुधबार बोदेवर्साईन १ मनौर टोल स्थितमा सुजान देवी यादव समेत आफ्नो घर अगाडी बसी रहेको अवस्थामा प्रतिवादी मंडल समेतले विभिन्न किसिमको गाली गलौज गरी महिला मानिसलाई बाँसको लाठ्ठीले हात, लात मुक्का समेतले कुटपिट गरी अभद्र व्यवहार गरेको आरोपमा पक्राउ गरिएको हो।

त्यस्तै सुरुङ्गा ६ का सुनिल कुमारलाई बिहीबार सोही ठाउँ स्थित बजारमा हल्ला गरी रहेको बेला प्रहरीले सम्झाउँदा प्रहरी टोलीलाई गाली गलौज गरी डिउटीमा बाधा पुऱ्याएकोले अभद्र व्यवहार गरेको आरोपमा पक्राउ गरिएको छ।

यस्तै महादेवा ४ का शेखरलाई बुधबार राजविराज नगरपालिका २ मा गंगाधर प्रसाद देवलाई अपशव्द गाली गलौज, धाकधम्की, लछार पछार पारी अभद्र व्यवहार गरेको आरोपमा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

पक्राउ परेका रामनारायण, सुनिल र रामचन्द्रलाई ६ दिन तथा शेखरलाई ७ दिनको म्याद थप गरी अनुसन्धान भईरहेको प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए।

## दुई महिनापछि हराएका बालक फेला

**दैनिक समाचारदाता**
**राजविराज, २९ चैत।**

कोशी मेलाबाट हराएका एक बालकलाई सप्तरी प्रहरीले दुई महिनापछि फेला पारेको छ। फेला परेका बालकलाई प्रहरीले परिवारको जिम्मा लगाएको छ।

जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ६ बभनगामा टोल बस्ने जयकृष्ण यादवका १४ वर्षीय छोरा अमन कुमार यादवलाई प्रहरीले फेला शनिबारै परिवारको जिम्मा लगाएको हो।

कोशी मेलाबाट हराएका अमनलाई खोजतलास गरिदिन माग गर्दै उनका बुवाले माघ २२ गते जिल्ला प्रहरी कार्यालय सप्तरीमा हुलिया सहितको निवेदन दिएका थिए।

सोही निवेदनका आधारमा जिल्ला प्रहरी कार्यालय सप्तरी तथा मातहतका प्रहरी इकाइबाट खोजी कार्य जारी राखिएको थियो।

यसै क्रममा शनिबार हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ९ स्थित हनुमाननगर बजारबाट इलाका प्रहरी कार्यालय हनुमाननगरको टोलीले उनलाई फेला पारेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी निरीक्षक अनिल कुमार साहले जानकारी दिए।

फेला परेका अमनलाई प्रहरी चौकी को.वर्साइनमा ल्याई आवश्यक प्रक्रिया पूरा गरी सोही दिन राति उनका बुवा जयकृष्ण यादव लगायत आफन्तजनको जिम्मा लगाइएको उनले बताए।

## करेन्ट लागेर श्रीमानको मृत्यु, श्रीमती घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २९ चैत।**

सप्तरीको डाक्नेश्वरी नगरपालिकामा विद्युतीय करेन्ट लागेर घाइते भएका एक दम्पति मध्ये श्रीमानको मृत्यु भएको छ भने श्रीमती घाइते भएका छन्।

सो नगरपालिकाको वडा नं. ९ सखुवा टोल निवासी ६८ वर्षीय राजकुमार मेहताको करेन्ट लागेर मृत्यु भएको हो।

शुक्रबार बिहान आफ्नै घर अगाडि ६० वर्षिय श्रीमती जिरावती महतोसँग बसिरहेका बेला नजिकै रहेको विद्युत् पोलबाट २२० भोल्टको तार चुडिएर उनीहरुलाई करेन्ट लागेको थियो।

करेन्ट लागेर गम्भीर घाइते भएका दुवै जनालाई उपचारका लागि छिन्नमस्ता अस्पताल, राजविराज लगिएकोमा राजकुमारको उपचारकै क्रममा सोही दिन चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीले जानकारी दिए।

घटनामा घाइते भएकी जिरावती महतोको सोही अस्पतालमा उपचारपछि अवस्था सामान्य रहेको र डिस्चार्ज भएर घर फर्किसकेको उनले बताए।

मृतकको शव पोष्टमार्टमपछि परिवारजनको जिम्मा लगाईएको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## स्रोत नखुलेको १४ लाख रकमसहित चार जना पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २९ चैत।**

प्रहरीले सुनसरी र सर्लाहीबाट श्रोत नखुलेको १४ लाख भन्दा बढी रकमसहित तीन जनालाई पक्राउ गरेको छ।

प्रहरीले सुनसरीको कोशी गाउँपालिका ८ भण्टाबारीबाट स्रोत नखुलेको ६ लाख ६९ हजार ७ सय १० रुँपैयासहित दुई जनालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख केशव थेबेका अनुसार सप्तरी तिलाठी कोइलारी गाउँपालिका ५ का ५८ वर्षीय रामलखन यादव र भारत सुपौल छिटही हनुमाननगर ग्राम पञ्चायत १५ का ६५ वर्षीय प्रभु मुखियालाई पक्राउ गरिएको हो।

मोटरसाइकल चढेर भारतबाट नेपालतर्फ आउँदै गरेका उनीहरूलाई शङ्का लागेर निरीक्षण गर्दा स्रोत नखुलेको रकमसहित शुक्रबार नियन्त्रणमा लिइएको हो।

यस्तै प्रहरी टोलीले सर्लाहीको ब्रहम्पुरी गाउँपालिका ४ बाट स्रोत नखुलेको नगद ८ लाखसहित दुई जनालाई पक्राउ गरेको छ।

चन्द्रनगर गाउँपालिका ४ का २३ वर्षीय कृष्णकुमार पासवान र सोही पालिका १ का ४१ वर्षीय शिवनारायण महतोलाई पक्राउ गरिएको हो।

भारतबाट मोटरसाइकल चढेर आएका उनीहरूको शरीर खानतलासी गर्दा उक्त रकम बरामद भएको प्रहरीले जनाएको छ।

## जेनजी आन्दोलनका क्रममा फरार कैदी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २९ चैत।**

गत भदौंमा भएको जेनजी आन्दोलनका क्रममा राजविराज कारागारबाट फरार भएका एक कैदीलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ।

जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ८ तोपा निवासी २३ वर्षीय आनन्द खंगलाई प्रहरीले पक्राउ गरेको हो।

उनी जबरजस्ती करणी मुद्दामा सप्तरी कारागार कार्यालय राजविराजमा बन्दी जिवन विताई रहेका थिए। भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा राजविराज कारागारबाट फरार भएका उनलाई गोप्य सूचनाको आधारमा आफ्नै गाउँघरमा लुकीछिपी बसेको अवस्थामा शनिबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी निरीक्षक अनिल कुमार साहले जानकारी दिए।

पक्राउ परेका खंगलाई कारागार सुरक्षा गार्डमार्फत पुनः कारागार चलान गरिएको उनले बताए।

**हार्दिक वधाई एवं शुभकामना**



यस विद्यालयका छात्र रहनु भएका राजविराज नगरपालिका ९ निवासी **श्री रामजी यादव** सप्तरी क्षेत्र नं. २ बाट प्रत्यक्ष निर्वाचित सांसदमा बिजयी भई नेपाल सरकारको **श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री**मा नियुक्त हुनुभएर यस विद्यालयको मात्र नभई आफ्नो संसदीय क्षेत्र र समस्त सप्तरीवासीलाई गौरवान्वित बनाउनु भएको छ। नेपाल सरकारको **श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री**को रुपमा **श्री रामजी यादव**को सफल कार्यकालको हार्दिक बधाई तथा मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**प्रीमियर सेकेन्ड्री स्कूल परिवार**
**राजविराज ८, सप्तरी**

## सम्पादकीय

### नयाँ बर्षमा नयाँ आशा

बर्ष २०८२ को अन्तिम क्षणमा देशले प्रवेश गर्दै गर्दा देशमा नयाँ उत्साह, उमङ्ग र जोश जागृत भएको छ। देशवासी यही उत्साह र उमङ्गले परिपूर्ण भएर नयाँ बर्ष २०८३ को स्वागत गर्न तमतैयार भएर अघि सरेको छ। बर्ष २०८२ को मध्यमा भएको नवयूवा आन्दोलनले पूरानो र जीर्ण भएको सत्तालाई मात्र ढालेन कि देशको ईतिहास र गौरव बोकेका भौतिक संरचना ध्वस्त भएर देशले अपूरणीय र अकल्पनीय क्षति व्योहोरेको थियो। यी घटनाहरुको आलोचना र समालोचना त भई नै रहेको छ तर यसैको अर्को पाटो के पनि हो भने कुनै नयाँ निर्माणको लागि पूरानाको ध्वस्तिकरण पनि हुनु नै पर्ने हुन्छ। यसै सन्दर्भमा देशले बर्षको उतरार्द्धमा अकल्पनीय परामा नयाँ उमेर समूहका जोशले लबरेज भएका व्यक्तिहरुलाई झण्डै दूई तिहाईको शक्ति दिएर देश बनाउने जिम्मेवारी सुम्पेको छ। यिनीहरुको नेतृत्व पनि यूवाहरुको जोश र हौसलाको प्रतिकको रुपमा नेपाली राजनीतिमा एउटा धुमकेतु जस्तो उदाएको युवाको हातमा छ।

हुन त यो सरकारको गठन भएको भोली पल्ट देखि नै नेपाली जनताले देखिने गरी केही कामको शुरुवात त भएको छ, यथा पूराना केही शिर्ष राजनीतिज्ञहरुको गिरफ्तारी, सम्पत्ति शुद्धिकरणमा सांकेतिक कदमको शुरुवात, सरकारी कार्यालयहरुमा बिचौलियाहरुको प्रवेशमा निषेध, कार्यालयहरुको कार्य समयमा बदलाब ! सरकार गठन भएको १७ दिनमै सरकारको कामको मूल्याङ्कन गरि हाल्ने समय त निश्चित नै भएको छैन र सरकारले गरेको यी कार्यहरुको आलोचना भन्दा पनि देशवासी अहिले मौ भएर बसेका छन।

नेपाली जनता अहिले "पर्ख र हेर"को नीतिमा छन तर सबैको मनमा एक किसिमको आशा छ जसलाई वर्तमा सरकारले सुन्नु र बुझ्नु पर्ने आवश्यक छ। अब सरकारले देश विकासको लगि सबैले देख्ने गरी विकास निर्माणको कामको थालनी गर्नु आवश्यक छ। सरकारले शुरुवाती चरणमा देशका ७७ जिल्ला मै १/१ वटा योजना छानेर त्यसको शुरुवात गर्ने घोषणा गरेर देशवासीलाई नयाँ बर्षको शुभकामना दिओस। देशमा विदेशी निवेशको लागि चाँडै एउटा निवेश सम्मेलन गरेर देशमा औद्योगिक बाताबरणको निर्माण गरेर रोजगारी बढने सन्देश दिओस। नयाँ सरकारलाई नयाँ बर्षको हार्दिक मङ्गलमय शुभकामना।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# समृद्धिको आधार बन्न सक्छन् स्वदेशी जडिबुटी

**प्रगति ढकाल**

काठमाडौँ, २९ चैत (रासस)।

जडिबुटी एवं जैविक विविधतामा नेपाल विश्वकै धनी देश मानिन्छ। कैयौँ अनुसन्धानबाट यहाँ औषधीय गुण बोकेका असङ्ख्य वनस्पति एवं जडिबुटी रहेका पत्ता लागेको छ। तर पनि तिनको स्वदेशमै उचित प्रयोग गरी आयुर्वेदीय औषधि एवं अन्य खाद्य पदार्थ उत्पादन गर्न नसक्दा सस्तो भाउमा कच्चा पदार्थका रुपमा विदेशिने गरेका छन्।

एकातर्फ हाम्रा देशका यी अमूल्य जडिबुटी गुन्द्रुकको भाउमा विदेशिने गरेका छन् भने अर्कातर्फ तिनै जडिबुटीबाट बनेका अत्यावश्यक औषधिहरु हामी महङ्गो मूल्यमा किन्न बाध्य भएका छौँ। हाम्रो देशमा उपलब्ध यी सम्पदाको हिसाब गर्ने हो भने हामीकहाँ आज ठूलाठूला आयुर्वेदीय औषधि कम्पनी, ठूला आयुर्वेदीय अस्पतालहरुका साथै कैयौँ जडिबुटी प्रशोधन केन्द्र सञ्चालन हुनुपर्ने हो।

तर, दुःखको कुरा हामी दिनप्रतिदिन विदेशी औषधिमा परनिर्भर बन्दै गएका छौँ भने अर्कातर्फ हाम्रा यी सम्पदाहरु कच्चा रुपमै सस्तो भाउमा विदेशिने गरेका छन्। यसले गर्दा हाम्रो देशको जडिबुटीको भण्डारण रित्तिँदै गएको बताइन्छ। जानकारहरु जडिबुटीहरुको सही सदुपयोग गर्न नसकी निर्यात गर्दा तिनको उचित मूल्य पनि पाउन नसकिएको बताउँछन्।

त्यसैले अब जडिबुटी, गैरकाष्ठ वन पैदावर एवं समग्र जैविक विविधतामा अब हामीले समृद्धि खोज्नुपर्दछ र औषधिका लागि हामी आफैँ आत्मनिर्भर बन्नुपर्दछ। हिजोको दिनमा हरियो बन नेपालको धन भनेजस्तै अब आगामी दिनमा हामीले समृद्धिका लागि जडिबुटी भन्ने नारा तय गरेर अघि बढ्नुपर्छ।

नेपालका यी जडिबुटी सम्पदालाई विश्व बजारसम्म पुर्‍याउन सकिएमा नेपालको समृद्धिको सपना पूरा गर्न लामो समय हामी कुर्नु पर्दैन। सन् २०२४÷०२५ मा नेपालबाट २ दशलव ०४ अर्ब रुपैयाँ बराबरको जडिबुटी निर्यात भएको बताउनुहुन्छ व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका सूचना अधिकृत कृष्णराज बजगाई। यसमध्ये पनि नेपालमा संकलन भएका जडिबुटीमध्ये करिब ९० प्रतिशत कच्चा रूपमै निर्यात हुने गरेको पाइएको छ।

ती प्रायः औषधीय गुण भएका गैरकाष्ठ वन पैदावरलाई हामीले स्वदेशमै औषधि निर्माण र अन्य काममा स्वदेशमै प्रयोग गर्न सकेमा मुलुकका लागि धेरै ठूलो

लाभ मिल्ने थियो। कच्चा पदार्थका रुपमा नै निर्यात गर्दा भने हामीले ती अमूल्य जडिबुटीहरुको खास मूल्य पाउनै सकेका छैनौँ।

नेपालमा जडिबुटी तथा गैरकाष्ठ वन पैदावार क्षेत्रमा उच्च सम्भावना रहे पनि यसको पर्याप्त उपयोग हुन नसकेको तथ्यांकले देखाएको छ। वनस्पति विभागका अनुसार हालसम्म देशभर ८१९ प्रजातिका जडिबुटी पहिचान भएका छन्, जसमध्ये ३३ प्रजातिलाई आर्थिक विकासका लागि प्राथमिकतामा राखिएको छ।

विभागका अनुसार खेती प्रविधिका लागि १३ प्रजाति सिफारिस गरिएका छन् भने करिब १२० प्रजातिको खेती भइरहेको छ। त्यस्तै, करिब २०० प्रजातिबाट सुगन्धित तेल (इसेन्सियल आयल) उत्पादन गर्न सकिने सम्भावना रहेको छ।

विभागका अनुसार हाल जडिबुटी क्षेत्रबाट वार्षिक औसत १ अर्ब २४ करोड रुपैयाँ बराबरको निर्यात हुने गरेको छ। यद्यपि, विश्व बजारमा नेपालको हिस्सा भने अत्यन्त न्यून–करिब ०.००६ प्रतिशत मात्र रहेको तथ्यांकले देखाउँछ।

हाल करिब १०० प्रजाति व्यापारिक प्रयोजनमा प्रयोग भइरहेका छन्, जसमध्ये २० प्रजातिले मात्रै कुल व्यापारको ८० प्रतिशतभन्दा बढी हिस्सा ओगटेका छन्। नेपालमा पाइने २५० भन्दा बढी जडिबुटी प्रजाति भविष्यमा व्यापारिक रूपमा उपयोग गर्न सकिने सम्भावना रहेको विभागको आकलन छ।

जडिबुटी तथा गैरकाष्ठ वन पैदावारले नेपालको कुल वैदेशिक निर्यातको करिब १० प्रतिशत हिस्सा ओगट्दै आएको विभागको तथ्याङ्कमा उल्लेख छ। यस क्षेत्रलाई व्यवस्थित गर्न सके व्यापार घाटा न्यूनीकरणमा महत्वपूर्ण योगदान पुग्ने सरोकारवालाहरू बताउँछन्।

सरकारले 'हिमालयन हर्ब्स' ब्रान्डिङमार्फत जडिबुटी क्षेत्रलाई अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने योजना अघि सारेको छ। हाल वार्षिक करिब ७.७ अर्ब रुपैयाँ बराबर रहेको निर्यातलाई आगामी चार वर्षभित्र ३० अर्ब रुपैयाँ पुर्‍याउने लक्ष्य लिइएको विभागको भनाई छ।

### ९० प्रतिशत कच्चा रूपमै निर्यात

वनस्पति विभागका महानिर्देशक डा. सञ्जीव कुमार राईले संकलन भएका जडिबुटीमध्ये करिब ९० प्रतिशत कच्चा रूपमै निर्यात हुने गरेको बताउनुभयो। "जसका कारण मुलुकले अपेक्षित मूल्य अभिवृद्धि गर्न सकेको छैन," उहाँले भन्नुभयो, "संरचना सुदृढीकरण, नवीन प्रविधि र पूँजीको उपयोग आवश्यक रहेको बताइएको छ। साथै, परम्परागत ज्ञान र आधुनिक विज्ञानको समन्वय, प्रशोधन तथा मूल्य अभिवृद्धि, बजार विस्तार र सार्वजनिक-निजी-सामुदायिक सहकार्य अपरिहार्य मानिएको छ।"

राईका अनुसार अनुसन्धान र विकासमा लगानी वृद्धि गर्दै जडिबुटीलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन सके नेपाललाई 'जडिबुटीको अन्तर्राष्ट्रिय भण्डार'का रूपमा स्थापित गर्न सकिने सम्भावना रहेको छ।

"नेपालमै प्रशोधन गरेर औषधि उत्पादन गर्न सके समृद्धिको बलियो आधार तयार हुन्छ," उहाँले भन्नुभयो। डा राईले आधुनिक विज्ञानसँग मेल खाने गरी जडिबुटीमा अध्ययन-अनुसन्धानलाई तीव्र बनाउँदै रासायनिक संरचना पहिचान गरी पेटेन्ट लिन सकिने सम्भावना औँल्याउनुभयो। यसले अन्तर्राष्ट्रिय बजारमा नेपाली उत्पादनको विश्वसनीयता र प्रतिस्पर्धात्मक क्षमता बढाउने उहाँ को भनाइ छ।

हाल अधिकांश जडिबुटी जंगली अवस्थाबाट मात्रै संकलन हुने गरेको उल्लेख गर्दै राईले यसको दीगो व्यवस्थापनका लागि व्यावसायिक खेती विकास आवश्यक रहेकोमा जोड दिनुभयो। "खेती प्रणालीमा विस्तार गर्न सके उत्पादन बढ्छ, रोजगारी सिर्जना हुन्छ र आयात प्रतिस्थापनसँगै निर्यात बढाउन सकिन्छ," उहाँले भन्नुभयो।

राईले जडिबुटीको प्रभावकारी बजारिकरण, प्रशोधन उद्योग स्थापना र अन्तिम उत्पादन वृद्धि गर्नुपर्नेमा जोड दिनुभयो। सुरुवाती लगानी अभाव मुख्य चुनौती भएको उल्लेख गर्दै उनले निजी क्षेत्रलाई प्रोत्साहन गर्न सहुलियत नीति आवश्यक रहेको बताउनुभयो।

विभागका अनुसार नेपालबाट निर्यात हुने जडिबुटीमध्ये यार्सागुम्बाको मूल्य उच्च रहे पनि तेजपात सबैभन्दा बढी व्यापार हुने वस्तुका रूपमा रहेको छ। उहाँले जडिबुटी क्षेत्रलाई समृद्धिको आधार बनाउन दीर्घकालीन नीति, अनुसन्धानमा लगानी र उत्पादन-प्रशोधन-बजारिकरणलाई एकीकृत रूपमा अघि बढाउन आवश्यक रहेकोमा जोड दिनुभयो।

### प्रशोधन र ब्रान्डिङमा जोड

सरकारी स्वामित्वमा रहेको कोटेश्वरस्थित जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनीले नेपालमा जडिबुटी क्षेत्रको सम्भावना राम्रो रहेको जनाएको छ। कम्पनीको निमित्त महाप्रबन्धक उषा रिजालले पहाडदेखि तराईसम्म प्रशस्त मात्रामा पाइने जडिबुटीको उचित उपयोग गर्न सके मुलुकको आर्थिक समृद्धिमा महत्वपूर्ण योगदान पुग्ने बताउनुभयो।

रिजालका अनुसार कम्पनीले पामारोजा, लेमनग्रास, सिट्रोनेला, मेन्था, केमोमाइल र फ्रेन्च बेसिलजस्ता बालीको खेती विस्तार गर्दै आएको छ भने मसलाजन्य पातको संकलन र प्रशोधनसमेत गरको छ। "हामीले कच्चा जडिबुटीलाई मूल्य अभिवृद्धि गर्दै विभिन्न उत्पादन तयार गरिरहेका छौँ," उहाँले भन्नुभयो, "सन्चो, हिमालयन मसाज आयल, शिलाजित पेस्ट, हिमालयन मसाज क्रिम, एरोमा थेरापी सेट र सन्चो बामजस्ता उत्पादन बजारमा ल्याएका छौ। यस्ता उत्पादनले स्वदेशी बजारमा स्थान बनाउँदै अन्तर्राष्ट्रिय बजारमा समेत विस्तारको सम्भावना बोकेको छ।"

अन्तर्राष्ट्रिय बजार विस्तारका लागि अर्गानिक प्रमाणपत्र (सर्टिफिकेट) महत्वपूर्ण हुने उल्लेख गर्दै रिजालले त्यसको अभावमा निर्यातमा केही कठिनाइ भइरहेको बताउनुभयो। "अर्गानिक सर्टिफिकेट प्राप्त गर्न सके नेपाली जडिबुटीजन्य उत्पादनलाई विश्व बजारमा सहज रूपमा विस्तार गर्न सकिन्छ," उहाँले भन्नुभयो।

नेपालमा उत्पादन हुने जडिबुटीजन्य वस्तुहरू भारत र चीनबाट आयात हुने समान प्रकृतिका बस्तुको तुलनामा महँगो हुने गरेको उल्लेख गर्दै रिजालले यसको प्रमुख कारण ठूलो परिमाणमा उत्पादन गर्न नसकिएको बताउनुभयो। "हामीले अझै ठूलो स्केलमा उत्पादन गर्न सकेका छैनौँ, जसका कारण लागत बढी पर्छ," उहाँले भन्नुभयो।

सरकारबाट पर्याप्त अनुदान नपाएको गुनासो गर्दै रिजालले वार्षिक करिब १३ करोड रुपैयाँ आम्दानी गर्दै आएको बताउनुभयो। भदौ २३ र २४ को 'जेन्जी आन्दोलन' मा कम्पनीको भवन जलाएका कारण करिब ११ करोड रुपैयाँ बराबरको क्षति व्यहोरेको उहाँले जानकारी दिनुभयो।

हाल कम्पनीले क्षतिग्रस्त संरचना पुनर्निर्माण, मेसिन मर्मत तथा उत्पादन पुनःस्थापनामा काम गरिरहेको जनाउँदै रिजालले आगामी दिनमा आम्दानी बढाउने लक्ष्यसहित अघि बढिरहेको बताउनुभयो। उहाँले जडिबुटी क्षेत्रमार्फत राष्ट्रिय अर्थतन्त्र मजबुत बनाउन सरकारी लगानीमा यस्ता उद्योगहरूको विस्तार आवश्यक रहेको औँल्याउनुभयो। "जडिबुटीमा आधारित उद्योगहरू विस्तार गर्न सके आयात प्रतिस्थापन मात्र होइन, रोजगारी सिर्जना र निर्यात प्रवर्द्धनमा समेत टेवा पुग्छ," उहाँले भन्नुभयो, "यसका लागि निजी क्षेत्रको सहभागिता पनि बढाउन जरुरी छ।"

### कानुनी जटिलताले अवरोध

सामुदायिक वन उपभोक्ता महासंघ (फोकोफन) का अध्यक्ष ठाकुरप्रसाद भण्डारीले सामुदायिक वन क्षेत्रमा जडिबुटी खेतीको सम्भावना उच्च रहे पनि कानुनी जटिलताले यसको विकासमा अवरोध सिर्जना गरेको बताउनुभएको छ। भण्डारीका अनुसार महासंघले १० जिल्लामा जडिबुटीसम्बन्धी छलफल गर्दै उत्पादन, प्रशोधन, बजार अवस्था तथा कानुनी व्यवस्थाबारे अध्ययन गरेको छ। "उत्पादकसँगको संवादबाट जडिबुटीमा राम्रो सम्भावना देखिएको छ," उहाँले भन्नुभयो, "तर कानुनी प्रक्रिया जटिल हुँदा उद्यम स्थापना गर्न र उत्पादन ओसारपसार गर्न समस्या भइरहेको छ।"

उहाँले जडिबुटी संकलन तथा निकासीका लागि धेरै प्रक्रिया पूरा गर्नुपर्ने भएकाले कृषक र उद्यमी दुवै निरुत्साहित भइरहेको बताउनुभयो। "उद्यम खोल्न नपाउने, ओसारपसारमा झन्झट हुने जस्ता समस्याले क्षेत्रको विकास अवरुद्ध भएको छ," उहाँले भन्नुभयो।

भण्डारीले जडिबुटी कृषकलाई प्रोत्साहन गर्न सरकारी अनुदान आवश्यक रहेकोमा जोड दिनुभयो। पछिल्लो समय अन्तर्राष्ट्रिय बजारमा जडिबुटीको माग बढ्दै गएकाले उत्पादन वृद्धि गर्न सके मुलुक आत्मनिर्भर बन्न सक्ने उहाँको भनाइ छ। "जडिबुटीबाटै मुलुकको अर्थतन्त्र उकास्न सकिन्छ," उहाँले भन्नुभयो, "कोभिडपछि थलिएको अर्थतन्त्र पुनःउत्थानका लागि जडिबुटी निर्यात प्रवर्द्धन गर्ने नीति आवश्यक छ।"

उहाँले उत्पादन बढाउन खेती विस्तारमा जोड दिनुपर्ने र कृषकलाई आवश्यक सहजीकरण गर्नुपर्ने उल्लेख गर्नुभयो। साथै, बजार संरचनामा सुधार नगर्दा बिचौलियाले बढी नाफा लिने र कृषकले उचित मूल्य नपाउने अवस्था देखिएको उहाँले बताउनुभयो।

"हामीले उपभोक्तासँगको

*बाँकी तीन पृष्ठमा*

# आर्थिक गणनाको सम्पूर्ण तयारी पूरा

काठमाडौँ, २९ चैत (रासस)।
दोस्रो आर्थिक गणनाको तयारी अन्तिम चरणमा पुगेको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले देशभर गणक तथा आवश्यक सुपरीवेक्षक परिचालित भई सम्बन्धित क्षेत्रमा पुगिसकेको जनाएको छ।

आगामी वैशाख २ गतेदेखि देशभर आर्थिक गणनाको काम सुरु हुनेछ। कार्यतालिकाअनुसार स्थलगत तथ्याङ्क सङ्कलनको काम आगामी असारको पहिलो साताभित्र सम्पन्न हुनेछ। गणनाका लागि करिब पाँच हजार जनशक्ति परिचालित भएका छन्।

अर्थमन्त्री डा स्वर्णिम वाग्ले दोस्रो आर्थिक गणनामा सक्रिय सहभागिता जनाउन सबै उद्योग प्रतिष्ठान, उद्योगी व्यवसाय तथा सरोकार भएकाहरूलाई आग्रह गर्नुभएको छ। उहाँले मुलुकको समग्र औद्योगिक एवं आर्थिक क्षेत्रसँग जोडिएको तथ्याङ्क सङ्कलनको महत्त्वपूर्ण कार्यमा योगदान गर्न अनुरोध गर्नुभएको छ।

सो गणनामा आर्थिक क्षेत्रका १८ वटा क्षेत्रको आधारभूत विवरण सङ्कलन हुनेछ। गणनाबाट उद्योग, व्यवसाय, सेवा क्षेत्र, सहकारी तथा निजी क्षेत्र सार्वजनिक संस्थाको सङ्ख्या, प्रकार, लगानी, रोजगारी, उत्पादन र सेवा प्रवाहसम्बन्धी विवरण सङ्कलनको उद्देश्य राखिएको छ।

देशभर रहेका दर्ता भए, नभएका ठूला साना, व्यापार प्रतिष्ठान, रोजगारीका हिसाबले धेरै रोजगारी दिएका वा स्वरोजगार प्रतिष्ठानको तथ्याङ्क सङ्कलन गरिने छ। त्यस्तै, उद्योग, कलकारखाना, व्यापार र व्यवसाय, गैरसरकारी सङ्घसंस्था, सरकारी संस्थान, सरकारी वा निजी विद्यालय, अस्पताललगायतको गणना गरिने छ।

आर्थिक गणना तयारीको पूर्वचरणका काम गत फागुन मसान्तमा सम्पन्न भएको थियो। यस्तै, यही चैतको सुरुमा नै ७७ जिल्ला र थप सात गरी ८४ कार्यालय स्थापना गरिएको छ। ती कार्यालय आगामी असार मसान्तसम्म सञ्चालन हुनेछ।

तथ्याङ्क कार्यालयले सबै सरोकार भएकालाई सही र पूर्ण विवरण उपलब्ध गराएर अभियानलाई सफल बनाउन आग्रह गरेको छ। आर्थिक गणना राष्ट्रिय अभियान भएकाले यसमा सबैको सक्रिय सहभागिता जरुरी रहेको कार्यालयले स्पष्ट पारेको छ।

यसअघि २०७५ सालमा राष्ट्रिय आर्थिक गणना गरिएको थियो। सो गणनामा देशभर नौ लाख २३ हजार ३५६ प्रतिष्ठान एवं व्यवसाय सञ्चालनमा रहेका विवरण सार्वजनिक भएको थियो।

# आइतबार ‘ओपिडी’ सञ्चालन गर्न सकिँदैन : चिकित्सक संघ

काठमाडौँ, २९ चैत (रासस)।
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आइतबार पनि बहिरङ्ग (ओपिडी) सेवा सञ्चालन गर्न निर्देशन दिएपछि नेपाल चिकित्सक सङ्घले गम्भीर ध्यानाकर्षण भएको बताउँदै सो निर्णयमा पुनर्विचार गर्न माग गरेको छ।

सरकारले शनिबार र आइतबार दुई दिन बिदा गर्ने व्यवस्था लागू गरेपछि स्वास्थ्य सेवा प्रभावित नबनोस् भन्ने उद्देश्यले स्वास्थ्य मन्त्रालयले अस्पतालहरूलाई आइतबार पनि बहिरङ्ग सेवा सञ्चालन गर्न आग्रह गरेको थियो।
अस्पतालहरूले आफ्नो कार्यभार हेरी बहिरङ्ग सेवा सञ्चालन गर्न र सट्टा बिदा मिलाएर भए पनि सेवा प्रवाह गर्न मन्त्रालयले निर्देशन दिएको थियो।

सो निर्देशन प्राप्त भएपछि सङ्घले एक विज्ञप्ति जारी गर्दै पर्याप्त जनशक्ति अभाव र बढ्दो कार्यभारका कारण उक्त निर्देशन कार्यान्वयन गर्न कठिनाइ हुने भएकाले आइतबार बहिरङ्ग सेवा सञ्चालन गर्न सम्भव नभएको जनाएको हो।

चिकित्सक तथा स्वास्थ्यकर्मीले ९-५ बाहेक ‘अनकल’, ‘राउन्ड’ तथा आकस्मिकलगायत २४सै घण्टा सेवा प्रदान गरिरहेको अवस्थामा उक्त समय गणना नहुनु अन्यायपूर्ण रहेको सङ्घले जनाएको छ। पर्याप्त जनशक्ति व्यवस्थापन नभएसम्म मन्त्रालयको उक्त निर्देशन कार्यान्वयन गर्न नसकिने सङ्घको ठहर छ।

यसैबीच विभिन्न अस्पताल तथा प्रतिष्ठानले फरक फरक सूचना जारी गरेका छन्। त्रिवि शिक्षण अस्पताल, मनमोहन कार्डियो थोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान लगायतले आकस्मिक बाहेक आइतबार बहिरङ्ग सेवा पूर्ण रुपमा बन्द गर्ने निर्णय गरेका छन्। उता राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, वीर अस्पताल, राष्ट्रिय ट्रमा सेन्टर, भरतपुर अस्पतालले भने आइतबार पनि सेवा सञ्चालन गर्ने जनाएका छन्।

सङ्घले विभिन्न स्वास्थ्य संस्थामा फरक फरक दिन बिदा दिँदा अस्पतालहरुले दिने बिदामा एकरुपता नहुने र स्वास्थ्य सेवा लिने बिरामीहरु अन्योलमा पर्ने भएकाले स्वास्थ्य सेवा प्रवाहमा गम्भीर असर पुग्ने जनाएको छ। सङ्घले ज्यादै न्यून सेवा सुविधा दिइ जबरजस्ती सेवामा खटाउने परिपाटी अन्त्य नभए चिकित्सक तथा स्वास्थ्यकर्मी सङ्घर्षमा उत्रिन बाध्य हुने भन्दै चेतावनी दिएको छ।

### *समृद्धिको आधार ...*

संवादका क्रममा कृषकभन्दा बिचौलियाले बढी लाभ लिइरहेको पायौँ,” उहाँले भन्नुभयो, “यसलाई नियन्त्रण गर्दै उद्यम विकासमा नयाँ सरकारले प्राथमिकता दिनुपर्छ।” भण्डारीले जडिबुटी क्षेत्रलाई व्यवस्थित र प्रतिस्पर्धी बनाउन कानुनी सुधार, उत्पादन वृद्धि र बजार व्यवस्थापनमा एकीकृत पहल आवश्यक रहेकोमा जोड दिनुभयो।

**निर्यात अर्गानिक प्रमाणीकरण आवश्यक**

वनविद् डा. नविन जोशीले स्वदेशमा उत्पादन हुने जडिबुटी तथा वन पैदावारको निर्यात अभिवृद्धिका लागि अर्गानिक र वन प्रमाणीकरणलाई राज्यले प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभएको छ। उहाँका अनुसार पछिल्लो समय अर्गानिक प्रमाणीकरण भएका जडिबुटीको अन्तर्राष्ट्रिय बजारमा माग बढ्दै गएको छ।

“अर्गानिक सर्टिफिकेसन हुँदा विदेशी खरिदकर्ताको विश्वास बढ्छ, जसले निर्यात विस्तारमा सहयोग पुऱ्याउँछ,” डा. जोशीले भन्नुभयो, “तेस्रो मुलुकबाट आउने माग पूरा गर्न प्रमाणीकरण अत्यावश्यक बन्दै गएको छ।”

नेपालका हिमाली वन तथा घाँसे मैदानहरू विश्वका उत्कृष्ट जैविक विविधता केन्द्रहरू रहेको भन्दै जोशीले नेपालमा ४० भन्दा बढी मुख्य वनस्पति तथा फङ्गी (ढुसीजस्ता प्रजातिहरू) को संकलन तथा अन्तर्राष्ट्रिय व्यापार हुने बताउनुभयो। “यी स्रोतहरू अत्यधिक र समयभन्दा पहिले नै दोहन, अनौपचारिक व्यापार, असमान आपूर्ति शृङ्खला तथा जलवायु परिवर्तनको कारण जोखिममा परेका छन्, जसले वन आश्रित समुदायको जीविकोपार्जनलाई समेत प्रभावित पारेको छ,” उहाँले भन्नुभयो, “अन्य चुनौतीहरूमा दिगो संकलन मात्राको अपर्याप्त जानकारी, स्रोत अनुगमनको विधि, र व्यापार नियमन समावेश छन्। मुख्य बजारहरूसँगको सम्बन्धलाई बलियो बनाउँदै वनजंगलबाट संकलन हुने उत्पादनहरूको दिगोपना र व्यापार दुवैमा सुधार गर्ने ठूला अवसरहरू छन्।”

जडिबुटी उत्पादक तथा व्यवसायी संघका अनुसार हाल नेपालमा तेस्रो मुलुकतर्फ जडिबुटी निर्यात गर्ने करिब २५ वटाभन्दा बढी कम्पनी अर्गानिक रूपमा प्रमाणित भइसकेका छन्। मसलाजन्यदेखि कस्मेटिक प्रयोजनका जडिबुटी उत्पादनमा प्रमाणीकरणपछि निर्यात प्रक्रिया सहज बन्दै गएको बताउनुहुन्छ संघका पूर्वअध्यक्ष गोविन्द घिमिरे।

यद्यपि, विभिन्न मुलुकका फरक-फरक गुणस्तर मापदण्डका कारण निर्यात प्रक्रियामा चुनौती रहेको उहाँको भनाइ छ। घिमिरेले सरकारले अर्गानिक उत्पादन निर्यात गर्दा सर्टिफिकेसन शुल्कमा अनुदान दिने नीति ल्याए पनि कार्यान्वयनमा कमजोरी देखिएको बताउनुभयो। उहाँले अर्गानिक प्रमाणीकरण गरी तेस्रो मुलुक निर्यात गर्न इच्छुक कम्पनीलाई आवश्यक वातावरण र पर्याप्त बजेट व्यवस्था गर्न सरकारसँग आग्रह गर्नुभयो। साथै, अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न व्यवसायीलाई प्राविधिक तथा नीतिगत सहयोग आवश्यक रहेने सरोकारवालाको सुझाव छ।

**जडीबुटीको प्रशोधन र ब्रान्डिङबाट निर्यात बढाउनुपर्छ : निजी क्षेत्र**

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश कुमार अग्रवालले नेपालको वनसम्पदालाई आर्थिक समृद्धिको आधारका रूपमा उपयोग गर्नुपर्नेमा जोड दिनुभएको छ। “नेपालको वन हरियो धन” भन्ने भनाइलाई व्यवहारमा उतार्दै वृक्षारोपणलाई निरन्तरता दिनुका साथै वनस्पति स्रोतको व्यावसायीकरण आवश्यक रहेको उहाँले बताउनुभयो।

उहाँका अनुसार नेपालमा उपलब्ध प्रचुर मात्रामा रहेका कच्चा जडीबुटीलाई प्रशोधन र ब्रान्डिङ गरी उच्च मूल्य अभिवृद्धिसहित अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्नुपर्ने आवश्यकता छ। “कच्चा पदार्थकै रूपमा निर्यात गर्ने प्रवृत्ति अन्त्य गरी मूल्य अभिवृद्धि भएका उत्पादनमा जोड दिनुपर्छ,” उहाँले भन्नुभयो।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष अग्रवालले औद्योगिक प्रयोजनका लागि गाँजा खेतीलाई समेत व्यावसायीकरण गर्नुपर्ने धारणा राख्नुभयो। अग्रवाल गाँजाबाट बहुमूल्य तथा औषधीय उपयोगका उत्पादन विकास गरी निर्यात गर्न सकिने उल्लेख गर्नुभयो। साथै यसको जरा र बोक्राबाट कपडा उत्पादन गरी अन्तरराष्ट्रिय बजारमा प्रवर्द्धन गर्न आवश्यक नीति ल्याउनुपर्नेमा उहाँले जोड दिनुभयो।

उहाँका अनुसार स्वदेशमै उपलब्ध कच्चापदार्थको अधिकतम उपयोग गर्दै उत्पादन वृद्धि र निर्यात प्रवर्द्धनमा ध्यान केन्द्रित गर्न सके देशमा ठूलो मात्रामा रोजगारी सिर्जना गर्न सकिन्छ। अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक रूपमा बजारीकरण गर्न सके जडीबुटी तथा वनस्पति क्षेत्रमा उच्च सम्भावना रहेको उहाँको भनाइ छ।

अग्रवालले सरकारले स्पष्ट नीति, सहजीकरण र लगानीमैत्री वातावरण सिर्जना गर्न सके वनस्पति क्षेत्रले नेपालको अर्थतन्त्र उकास्न महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो।

नेपाल वर्षौंदेखि राजनीतिक अस्थिरता, आन्दोलन, महामारी र संरचनागत कमजोरीले थलिएको अवस्थामा छ। यस्तो अवस्थामा यतिखेर देशमा युवा नेतृत्वको सरकार बनेको छ र यसले सुशासन, समृद्धि र भ्रष्टाचार नियन्त्रणलाई आफ्नो मुख्य प्राथमिकतामा राखेको पनि छ। तर, यो प्राथमिकता पूरा गर्न पनि आर्थिक आधार सुदृढ बनाउनु अपरिहार्य छ। जडीबुटी क्षेत्र, समृद्धिको एक महत्वपूर्ण आधार बन्न सक्छ। वर्तमान सरकारले यस वास्तविकतालाई मनन गर्नुपर्दछ।

## विश्व समाचार

### इरान-अमेरिका वार्ता निष्कर्षविहीन

इस्लामावाद, २९ चैत (रासस/एएफपी)।
मध्यपूर्वमा चर्किँदै गएको युद्ध अन्त्य गर्ने उद्देश्यले पाकिस्तानको मध्यस्थतामा भएको इरान र संयुक्त राज्य अमेरिकाबीचको लामो वार्ता कुनै ठोस सहमतिविना टुङ्गिएको छ। २१ घण्टासम्म चलेको म्याराथन छलफलपछि अमेरिकी उपराष्ट्रपति जेडी भान्सले आइतबार वार्ता निष्कर्षविहीन बनेको जानकारी दिनुभयो। वार्तापछि सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले वासिङ्टनले तेहरानसँग आणविक हतियार विकास नगर्ने ‘मौलिक प्रतिबद्धता’ खोजेको भए पनि त्यसतर्फ स्पष्ट सङ्केत नदेखिएको बताउनुभयो। सन् १९७९ को इस्लामिक क्रान्तिपछि उच्चस्तरीय रूपमा भएको यस्तो संवादलाई महत्त्वपूर्ण मानिए पनि अपेक्षित उपलब्धि हासिल हुन सकेन। उहाँका अनुसार अमेरिकाले इरानलाई ‘अन्तिम र उत्तम प्रस्ताव’ दिएको छ र त्यसबारे निर्णय लिन केही समय प्रदान गरिएको छ। यसैबीच, संयुक्त राज्य अमेरिका र इजरायलले मङ्गलबारदेखि दुई साताका लागि वार्ता स्थगित गर्ने सङ्केत दिएका छन्। फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेपछि सुरु भएको द्वन्द्वले मध्यपूर्व क्षेत्रलाई अस्थिर बनाउनुका साथै विश्व अर्थतन्त्रमा समेत असर पारेको छ। आक्रमणपछि इरानले प्रतिशोधात्मक कदम चालेपछि तनाव भन् चुलिएको हो। वार्ताका क्रममा दुवै पक्ष आ-आफ्ना कडा अडानसहित प्रस्तुत भएका थिए। अमेरिकाले होर्मुज जलडमरूमध्य क्षेत्रमा माइन हटाउन युद्धपोत पठाएको दाबी गर्दै दबाव सिर्जना गरिरहेको आरोप इरानी पक्षले लगाएको छ। उक्त जलडमरूमध्य विश्वको करिब पाँचौँ भाग तेल आपूर्तिको प्रमुख मार्ग मानिन्छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने वार्ताको परिणामप्रति आफूलाई खास चासो नभएको प्रतिक्रिया दिनुभएको छ। उहाँले युद्धमैदानमा अमेरिका पहिले नै विजयी भइसकेको दाबी गर्दै इरानी नेतृत्वलाई कमजोर पारिएको र सैन्य संरचनामा क्षति पुऱ्याइएको उल्लेख गर्नुभयो। “सम्झौता भए पनि नभए पनि फरक पर्दैन, हामीले जितिसकेका छौँ”, उहाँले भन्नुभयो। उता, इरानले भने कुनै पनि सम्भावित सम्झौतामा आफ्ना जफत गरिएका सम्पत्ति फुकुवा हुनुपर्ने र लेबनानमा हिजबुल्लाहविरुद्धको इजरायली आक्रमण रोकिनुपर्ने माग राखेको छ। तर भान्सले ती विषयहरू इस्लामावाद वार्ताको दायराभन्दा बाहिर रहेको स्पष्ट पार्नुभयो।

वार्तामा इरानी प्रतिनिधिमण्डलको नेतृत्व संसद्का अध्यक्ष मोहम्मद बाघेर गालिबफले गर्नुभएको थियो भने विदेशमन्त्री अब्बास अराघची पनि सहभागी हुनुहुन्थ्यो। अमेरिकी टोलीमा ट्रम्पका निकट सहयोगी स्टिभ विटकफ र जारेड कुशनरसमेत सहभागी हुनुहुन्थ्यो। इरानले विशेषतः भान्सको उपस्थिति र विगतमा युद्धविरोधी धारणा राखेकाले वार्ताप्रति केही अपेक्षा गरेको थियो। युद्ध सुरु भएसँगै इरानले होर्मुज जलडमरूमध्यमाथि नियन्त्रण कायम गर्दै विश्व तेल बजारमा प्रभाव पारेको छ। तेलको मूल्य वृद्धिले अमेरिकामा समेत राजनीतिक दबाव सिर्जना गरेको छ। अमेरिकी सेनाले जलडमरूमध्य सुरक्षित बनाउने प्रयास गरिरहेको दाबी गरे पनि इरानले त्यस्तो कुनै गतिविधि स्वीकार गरेको छैन र हस्तक्षेप भए कडा जवाफ दिने चेतावनी दिएको छ। यता लेबनानमा इजरायल र हिजबुल्लाहबीचको द्वन्द्व पनि जारी छ। इजरायली आक्रमणमा मृत्यु हुनेको सङ्ख्या दुई हजार नाघिसकेको लेबनानी अधिकारीहरूले जनाएका छन्। आगामी साता इजरायल र लेबनानबीच वासिङ्टनमा छुट्टै वार्ता हुने तयारी छ। इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले दीर्घकालीन शान्ति सम्झौताको चाहना व्यक्त गर्नुभएको भए पनि हिजबुल्लाहसँग तत्काल युद्धविराममा सहमति जनाउनुभएको छैन। यसैबीच, इरानभित्रै पनि अमेरिकाप्रति गहिरो अविश्वास कायमै देखिएको छ। “अमेरिकासँगको वार्ताको अनुभव सधैँ असफलता र भङ्ग गरिएका प्रतिबद्धतासँग जोडिएको छ”, गालिबफले भन्नुभयो। यद्यपि दुवै पक्षले कूटनीतिक ढोका पूर्ण रूपमा बन्द नगरेको सङ्केत दिएका छन्। विशेषज्ञहरूका अनुसार ठूलो र उच्चस्तरीय इरानी टोलीको सहभागिताले उनीहरू सम्झौताको सम्भावनाप्रति गम्भीर रहेको देखाए पनि आपसी अविश्वास र क्षेत्रीय जटिलताले सहमति टाढा धकेलेको छ।

### वार्ता विफल, युद्धविराम कायम राख्न अपिल

इस्लामावाद, २९ चैत (रासस/एनआई)।
अमेरिका र इरानबीच शान्ति वार्ता निष्कर्षविहीन बनेपछि क्षेत्रीय तनाव थप चर्किने सङ्केत देखिएको छ। यस्तो अवस्थामा पाकिस्तानले दुवै पक्षलाई युद्धविराम कायम राख्दै संवादलाई निरन्तरता दिन आग्रह गरेको छ। पाकिस्तानका विदेशमन्त्री इशाक दारले आइतबार दिएको वक्तव्यमा शान्तिपूर्ण समाधानको विकल्प अझै खुला रहेको उल्लेख गर्दै दुवै देशलाई सकारात्मक भावनाका साथ वार्तामा संलग्न रहन आग्रह गर्नुभयो। उहाँले क्षेत्रीय मात्र नभई विश्वव्यापी स्थायित्वका लागि पनि युद्धविरामको प्रतिबद्धता कायम राख्नु अत्यन्त आवश्यक रहेको बताउनुभयो। दारका अनुसार पाकिस्तानले इस्लामिक गणतन्त्र इरान र संयुक्त राज्य अमेरिकाबीच संवादको वातावरण निर्माण गर्न सक्रिय भूमिका खेलेको छ र आगामी दिनहरूमा पनि सहजीकरण जारी राख्नेछ। उहाँले शान्ति वार्तामा सहभागी हुन पाकिस्तानको निमन्त्रणालाई स्वीकार गरेकोमा दुवै देशप्रति आभार व्यक्त गर्नुभयो। उहाँले यसअघि पाकिस्तानका प्रधानमन्त्री मुहम्मद शाहबाज सरिफले तत्काल युद्धविरामको आह्वान गर्दै इस्लामाबादमा वार्ताका लागि दिएको निमन्त्रणालाई दुवै पक्षले सकारात्मक रूपमा लिएको उल्लेख गर्नुभयो। यसलाई क्षेत्रीय कूटनीतिमा महत्वपूर्ण पहलका रूपमा हेरिएको छ। ‘इस्लामावाद वार्ता’ का रूपमा चिनिएको उक्त उच्चस्तरीय बैठकमा दुवै देशका शीर्ष अधिकारीहरूको अभूतपूर्व सहभागिता रहेको थियो। अमेरिकी टोलीको नेतृत्व उपराष्ट्रपति जेडी भान्सले गर्नुभएको थियो भने इरानी पक्षको नेतृत्व संसद्का अध्यक्ष मोहम्मद बाघेर गालिबफले गर्नुभएको थियो। दारले आफू ले चिफ अफ डिफेन्स फोर्स र सेना प्रमुख फिल्ड मार्शल सैयद असीम मुनीरसँग मिलेर करिब २४ घण्टा लामो गहन र बहुपक्षीय छलफलमा मध्यस्थता गरेको जानकारी दिनुभयो। उहाँका अनुसार वार्ता आइतबार बिहान टुङ्गिएको हो, तर अपेक्षित सहमति भने जुट्न सकेन। वार्ता असफल भएसँगै अमेरिकी उपराष्ट्रपति भान्स इस्लामाबादबाट प्रस्थान गर्नुभएको छ। वार्तामा मुख्य विवादका विषयहरू इरानको आणविक कार्यक्रम र होर्मुज जलडमरूमध्यको नियन्त्रणसँग सम्बन्धित थिए। भान्सले पत्रकारहरूसँग कुरा गर्दै केही विषयमा प्रगति भए पनि अन्ततः कुनै औपचारिक सम्झौता हुन नसकेको बताउनुभयो। उहाँले यो अवस्था विशेषगरी इरानका लागि प्रतिकूल भएको टिप्पणी गर्नुभयो, यद्यपि यसले अमेरिकालाई पनि असर पार्ने स्वीकार गर्नुभयो। यस घटनाक्रमले कूटनीतिक प्रयासहरू जारी रहे पनि आपसी अविश्वास र रणनीतिक मतभेदका कारण तत्काल समाधानको सम्भावना कमजोर देखिएको सङ्केत गरेको छ।

# ग्यास लिक भई आगलागी हुँदा एक घर जलेर नष्ट

**दैनिक समाचारदाता**
**राजविराज, २९ चैत ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ स्थित भारदहमा शनिबार ग्यास लिक भएर आगलागी हुँदा एक घर जलेर नष्ट भएको छ।

आगलागीबाट धर्मदेव दासको जस्ताले बनेको चार कोठे घर जलेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक अनिलकुमार साहले जानकारी दिए। सो आगलागीबाट दासको तीन कोठे भान्सा घरसमेत जलेर नष्ट भएको छ।

आगलागीमा परेर खाद्यान्न, लत्ताकपडा र फर्निचरसहित गरी अनुमानित ३५ लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

बाटो साँघुरो भएकाले समयमै बारुण यन्त्र घटनास्थलसम्म पुऱ्याउन नसक्दा बढी क्षति भएको थियो। स्थानीयवासी, प्रहरी र नगरपालिकाको बारुणयन्त्रको संयुक्त प्रयासमा आगो निभाइएको थियो। आगलागीमा कुनै मानवीय क्षति नभएको प्रहरीले जनाएको छ।

# एक वर्षमा सात हजार ६४८ विपद्का घटना : सबैभन्दा बढी आगलागीका

काठमाडौँ, २९ चैत (रासस)।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार एक वर्षको अवधिमा कुल सात हजार ६४८ वटा विपद्का घटना हुँदा आगलागी र डढेलोसँग जोडिएका घटना सबैभन्दा बढी छन्।

कुल विपद्का घटनामा सबैभन्दा धेरै आगलागीका घटना हुनुले पनि सावधानीका लागि सरकारी निकायले पनि उत्तिकै चासो र सक्रियता देखाउनुपर्ने आवश्यकता बढेको छ।

आगलागी र त्यससँग जोडिएका घटना न्यूनीकरणका लागि विशेष सावधानी अनपाउनुपर्ने प्राधिकरणको तथ्याङ्कले देखाएको छ। ठूलो मात्रामा जनधनको क्षति हुनुका पछाडि सावधानी, जनचेतनाको अभाव तथा वन तथा सुक्खा एवं सुकेको सामग्रीमा आगो लगाउने प्रवृत्ति बढी जिम्मेवार हुने प्राधिकरणको भनाइ छ।

प्राधिकरणका अनुसार गत वैशाख १ गतेदेखि यही चैत २७ गतेसम्मको अवधिमा देशभर आगलागीका तीन हजार ७२० वटा आगलागीका घटना भएका छन्। आगलागीमा परेर एक सय पाँच जनाको ज्यान गएको छ। त्यस्तै पाँच सय ७१ जना घाइते भएका छन् भने चार हजार २६० परिवार प्रभावित भएका छन्।

सो अवधिमा डढेलोको घटना तीन सय २८ वटा भएका छन्। डढेलोमा परेर दुई जनाको निधन भएको छ भने तीन जना घाइते भएका छन् भने ५८ परिवार प्रभावित भएका छन्।

प्राधिकरणले आगलागीबाट जोगिन विशेष सावधानी अपनाउने, ज्वलनशील पदार्थ आगोले छुने ठाउँभन्दा पर राख्न, विशेष सचेतना अभियान सञ्चालन गर्न, आगलागी हुन नदिन अन्य उपाय सञ्चालन गर्नसमेत सबैमा अनुरोध गर्दै आएको छ।

प्राधिकरणका अनुसार यही चैत २७ गते बिहानदेखि २८ गते बिहानसम्म देशभर कुल १९ विपद्का घटना हुँदा आगलागीका मात्रै १६ वटा रहेका छन्। सुक्खा मौसममा आगलागीका घटना बढी हुने भएकाले पनि सक्रियताका साथ सावधानी अपनाउन प्राधिकरणले पुनः अनुरोध गरेको छ। वन तथा वातावरण मन्त्रालयले पनि डढेलो तथा आगलागीका घटना नियन्त्रणका लागि आफ्ना निकायलाई परिचालन गरेको छ।

# वैदेशिक रोजगारीमा जानेले विमानस्थलमा रसिद पेस गर्नु नपर्ने

काठमाडौँ, २९ चैत (रासस)।

अध्यागमन विभागले वैदेशिक रोजगारीमा जाने श्रमिकहरूले श्रम स्वीकृति पत्रबाहेक भुक्तानी गरिएका कुनै पनि रसिद विमानस्थलमा पेस गर्नु नपर्ने स्पष्ट गरेको छ।

वैदेशिक रोजगार विभागबाट यही चैत २३ गते प्रकाशित सूचनाले वैदेशिक रोजगारीमा जाने श्रमिकमा अन्योल बढाएको भन्दै अध्यागमनले उक्त जानकारी दिएको हो।

वैदेशिक रोजगार विभागले त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयबाट प्रस्थान गर्दा नेपाली श्रमिकले रसिदलगायत कागजात पेस गर्नुपर्ने जनाएको थियो।

"वैदेशिक रोजगार विभागबाट जारी भएको श्रम स्वीकृति र राहदानीलगायतका न्यूनतम आधारभूत कागजातबाहेक नेपाली श्रमिकहरूले नेपालबाहिर प्रस्थान गर्दा अध्यागमन कार्यालयमा थप कुनै पनि कागजात तथा बिल/रसिद पेस गर्न नपर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ", अध्यागमन विभागद्वारा जारी सूचनामा भनिएको छ।

विभागले विदेश यात्रा गर्ने नेपाली नागरिक कुनै पनि किसिमको भ्रममा नपरी गन्तव्य मुलुक र यात्राका बारेमा पूर्ण रूपमा सुसूचित भई निर्धक्क यात्रा गर्न अनुरोध गरेको छ।

'भिजिट भिसा'मा नेपालबाट प्रस्थान गर्ने नेपाली नागरिकले कम्तीमा छ महिना म्याद भएको राहदानी, गन्तव्य मुलुकसम्मको हवाई टिकट र सम्बन्धित मुलुक प्रवेशको अनुमति (भिसा) भएमा स्वघोषणासहित विदेश जान पाउने व्यवस्था यसअघिदेखि नै कार्यान्वयनमा रहेको विभागले जनाएको छ।

# जेनजी घाइतेलाई निःशुल्क एमबीबीएस नियम विपरीत छैन : शिक्षा मन्त्रालय

काठमाडौँ, २९ चैत (रासस)।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जेनजी आन्दोलनकी घाइते एकता शाहलाई निःशुल्क एमबीबीएस अध्ययनको अवसर दिने विषय ऐन नियम विपरीत नभएको प्रष्ट पारेको छ।

चिकित्सा शिक्षा आयोगको व्यवस्थाअनुसार छात्रवृत्ति 'मेरिट' र कानुनी मापदण्डका आधारमा वितरण हुने गरेकामा यस वर्ष एमबीबीएस सिटका लागि विद्यार्थी छनोट भइसक्दा पनि शाहलाई नियम विपरीत कोटा दिइएको भन्दै विरोध भएको थियो। मन्त्रालयले शनिबार प्रेस विज्ञप्ति जारी गर्दै सो समाचारप्रति ध्यानाकर्षण भएको समेत जनाएको छ।

जारी विज्ञप्तिमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ अनुसार व्यवस्था गरिएको निःशुल्क छात्रवृत्ति कोटाअन्तर्गतको नभएर अतिरिक्त कोटाका रुपमा विशेष छात्रवृत्ति कोटामा अध्ययन गराउने गरी सरकारले बजेट व्यवस्थापन गरी निर्णय गरिएको मन्त्रालयले स्पष्ट पारेको छ।

मन्त्रालयका अनुसार सरकारको यस निर्णयले प्रचलित कानुन बमोजिम अरु कसैले पाउने अवसरलाई संकुचन एवं बाधासमेत नपरेको जनाएको छ। जेनजी आन्दोलनका क्रममा घाइते तथा अपाङ्गता भएका व्यक्तिहरूलाई राहत सहायता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२ को दफा ११ अनुसार नै चिकित्सा शिक्षा आयोगको अनुरोध र यस मन्त्रालयको नियमानुसारको प्रस्तावमा यो निर्णय भएको विज्ञप्तिमा उल्लेख छ।

चिकित्सा शिक्षा आयोगबाट शैक्षिक वर्ष २०८२/८३ का लागि सञ्चालन भएको एमबीबीएस प्रवेश परीक्षामा शाहले ५७.५ प्रतिशत अङ्क प्राप्त गरी उत्तीर्ण हुनुभएको थियो। यही चैत १ गते बसेको मन्त्रिपरिषद् बैठकले उहाँलाई अतिरिक्त छात्रवृत्ति कोटामा एमबीबीएस पढाउने निर्णय गरेको थियो।

# बालबालिकासम्बन्धी ऐन संशोधन गर्दा कार्यान्वयनमुखी बनाउनुपर्ने सुझाव

काठमाडौँ, २९ चैत (रासस)।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बालबालिकासम्बन्धी ऐन, २०७५ लाई संशोधन प्रक्रिया अघि बढाएसँगै यसलाई कार्यान्वयनमुखी बनाउनुपर्ने सुझाव दिइएको छ।

प्रतिनिधिसभाको निर्वाचन र नयाँ सरकार गठन भएपछि सरकारले सो ऐन र बालबालिकासम्बन्धी नियमावली, २०७८ लाई संशोधनको प्रक्रिया अघि बढाएको छ। सोही विषयमा बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप) द्वारा आइतबार यहाँ आयोजित सरोकार भएका निकायका प्रतिनिधिसँगको छलफलमा ऐनमा 'गरिनेछ', 'भए तापनि' जस्ता अन्योलपूर्ण एवं दुई किसिमका अर्थ लाग्ने शब्दावली हटाएर ठोस् र प्रभावकारी कार्यान्वयन हुने खालका व्यवस्था थप्न सुझाव दिइएको हो।

विभिन्न ५० भन्दा बढी बालअधिकारका क्षेत्रमा आबद्ध संस्थाका ८० जनाको सहभागितामा भएको छलफलमा बालबालिका राष्ट्रिय गौरव हुन् र शान्ति क्षेत्र हुन् भन्ने मान्यतालाई गहिरोसँग बोध गरेर ऐन र नियमावली संशोधन हुनुपर्ने सुझाव दिइएको छ।

कार्यक्रममा बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिव चक्रबहादुर बुढाले ऐनमा संशोधन हुनुपर्ने विषयबारे तीन तहका सरकारका लागि आवश्यक फारम बनाएर सार्वजनिक रूपमा सुझाव दिन आह्वान गरिएको जानकारी दिनुभयो।

बालबालिकाको अधिकार, सुरक्षा र विकास सुनिश्चित गर्न सो कानुनलाई समयसापेक्ष बनाउँदै बालबालिकाको परिभाषा, अधिकारको व्याख्या, शोषण र विभेदरहित वातावरण सुनिश्चिततताका थप परिमार्जित प्रावधानहरू प्रस्ताव गरिने सहसचिव बुढाले उल्लेख गर्नुभयो। उहाँले कानुनी विवादमा परेका बालबालिकाका लागि दीर्घकालीन सुधारात्मक व्यवस्थाका साथै राष्ट्रिय बालअधिकार परिषद्को कानुनी संरचना थप स्पष्ट गरिनेलगायत विषयमा संशोधन हुनुपर्नेमा जोड दिनुभयो।

मन्त्रालयका उपसचिव दुर्गाप्रसाद चालिसेले आगामी जेठ मसान्तभित्रमा ऐन संशोधनको मस्यौदा तयार गर्नेगरी मन्त्रालयले प्राथमिकताका साथ काम गर्ने योजना बनाइएको जानकारी दिनुभयो। मन्त्रालयको बाल संरक्षण तथा विकास शाखाले सबै सरोकार भएका निकायलाई कुन दफामा कस्तो विषय र किन संशोधन गर्ने भन्ने खुलाएर उक्त अवधिसम्म आफ्ना सुझाव दिनसक्ने व्यवस्था गरिएको उहाँले बताउनुभयो।

सिजपका अध्यक्ष तिलोत्तम पौडेलले बालबालिकालाई जात, लिङ्ग, धर्म, आर्थिक अवस्थालगायत आधारमा कुनै पनि भेदभाव तथा जोखिमपूर्ण वा हानिकारक काम (बालश्रम) मा लगाउन निषेध गरिएको सन्दर्भमा यसको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभयो।

कम उमेरमा विवाह गराउने वा गरिने कार्यलाई गैरकानुनी मानिएको बताउँदै उहाँले बालबालिकामाथि हुने शारीरिक, मानसिक, यौनजन्य दुर्व्यवहार तथा शोषणलाई निषेध गरिएकोसम्बन्धी व्यवस्थालाई पनि प्रभावकारी कार्यान्वयन गरिनुपर्नेमा सरोकार भएकाहरूले आग्रह गरेका छन्।

छलफलमा सहभागीले बालबालिकामाथि हुने डिजिटल हिंसा नियन्त्रण, बालबालिकालाई मनोसामाजिक परामर्शको प्रबन्ध र बाल अधिकार हेर्ने बेग्लै उच्च वा राष्ट्रिय मानवअधिकार आयोग बनाई आवश्यक सदस्यको व्यवस्था गरिनुपर्ने आग्रह गरेका छन्।

ऐनले १८ वर्ष ननाघेका सबै व्यक्तिलाई बालबालिका मानेको छ भने बालबालिकालाई बाँच्न पाउने, शिक्षा, स्वास्थ्य, संरक्षण र विकासको अधिकार सुनिश्चित गरेको छ। बालबालिकालाई संविधानतः निःशुल्क आधारभूत शिक्षा र स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार दिइएको छ।

# सोमबारदेखि 'शून्य बाँकी फाइल अभियान'

काठमाडौँ, २९ चैत (रासस)।

सरकारी कार्यालयमा दर्ता भएका, सुरुआती टिप्पणीलगायत फाइल विभिन्न तह र टेबलमा अनावश्यक रूपमा थन्काएर निर्णयमा ढिलाइ हुने प्रवृत्ति रोक्न सोमबारदेखि 'शून्य बाँकी फाइल अभियान' सुरु हुँदैछ।

तल्ला निकायबाट कार्यान्वयन गर्नुपर्ने फाइल अनावश्यक रूपमा माथिल्लो तहमा पठाइने तथा सेवाप्रवाह प्रभावित हुने अवस्थालाई न्यूनीकरण गर्न सबै सरकारी कार्यालयमा शून्य बाँकी फाइल सप्ताहअभियान सञ्चालन गर्न लागिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ।

त्यसका लागि सरकारले 'शून्य बाँकी फाइल सप्ताह अभियान सञ्चालनसम्बन्धी मार्गदर्शन, २०८२' सार्वजनिक गरिसकेको छ। कुनै पनि चालु अवस्थामा रहेका फाइल अनिश्चित समयसम्म अड्केर नबसोस्, जिम्मेवारी स्पष्ट होस् र काम हुने वा नहुने विषयको समयमा टुङ्गो लागोस् भन्ने अभियानको उद्देश्य छ। अभियान आगामी वैशाख ७ गतेसम्म सञ्चालन हुनेछ।

मार्गदर्शनअनुसार अब तीन दिन, सात दिन वा १५ दिनभन्दा बढी समयदेखि रोकिएका फाइलमा स्वतः समीक्षा प्रक्रिया लागू गर्नुपर्नेछ। निर्णय गर्न सकिने विषयलाई अनावश्यक रूपमा माथिल्लो तहमा नपठाइ सम्बन्धित तहबाट टुङ्ग्याउने पद्धतिको विकास गर्नुपर्ने भएकाले यो अभियान सञ्चालन गरिएको हो।

# स्वास्थ्य बिमा बोर्डमा नियुक्ति विवादबारे स्पष्टीकरण माग

काठमाडौँ, २९ चैत (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्वास्थ्य बिमा बोर्डमा नियुक्तिका विषयमा बिमा बोर्डका कार्यकारी निर्देशक डा कृष्णप्रसाद पौडेल र स्वास्थ्य मन्त्रालयको समन्वय महाशाखा प्रमुख भीमप्रसाद सापकोटालाई स्पष्टीकरण सोधेको छ।

मन्त्रालयका कर्मचारी प्रशासन शाखाका अधिकृत दीपेन्द्र दाहालले दुवै जनालाई बोर्ड सदस्य नियुक्तिका विषयमा तीन दिनभित्र लिखित जवाफ पेस गर्न निर्देशन दिइएको बताउनुभयो।

"स्वास्थ्य बिमा बोर्डका सदस्य नियुक्ति तथा सदस्यको बैठकमा उपस्थितिलगायत विषयमा सञ्चार माध्यममा आएको विषय, निर्णय र उपस्थितिसँग सम्बन्धित कागजात मिलाउने काममा कर्मचारीकै भूमिका रहेको भनी उल्लेख भएको सम्बन्धमा संलग्नता रहे-नरहेको, यदि रहेको भए त्यसको कारण र प्रक्रिया के थियो भन्नेबारे स्पष्ट विवरण पेस गर्नू", पौडेल र सापकोटालाई छुट्टाछुट्टै पत्रमार्फत स्पष्ट पार्न भनिएको छ।

केही दिनअघि बोर्ड बैठकमा सदस्यबाट हटाइएकी जुनु श्रेष्ठलाई सहभागी गराइएको थियो। सोही विषयमा सार्वजनिक आलोचना भएपछि श्रम तथा रोजगारमन्त्रीले पदबाट राजीनामा दिनु परेको थियो।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेबसाइट :** *rajbirajdainik.com.np*